दमक नगरपालिका, झापा

# स्थानीय राजपत्र

| | |
|---|---|
| **बर्ष : ७** | **प्रमाणिकरण मिति : २०८०/०३/२०** |
| **संख्या : ६** | **प्रकाशनमिति : २०८०/०३/३१** |

## भाग : १

## २०८० सालको ऐन : २

## दमक नगरपालिकाको राजश्व संकलन तथा परिचालन गर्न बनेको ऐन, २०८०

**प्रस्तावना -** दमक नगरपालिकाको काम, कर्तव्य र अधिकारको कार्यान्वयनका लागि राजश्व संकलन तथा व्यवस्थापन गर्न वाञ्छनीय भएकाले,

दमक नगर सभाले नेपालको संविधानको धारा (२२६) को उपधारा (१) र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा (१०२) बमोजिम यो ऐन बनाएको छ।

## परिच्छेद – १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ-** १) यस ऐनको नाम "**दमक नगर राजस्व संकलन तथा परिचालन ऐन, २०८०"** रहेको छ।

२) यो ऐन दमक नगरपालिका क्षेत्रभित्र लागू हुनेछ र यस ऐन बमोजिम कर वा राजस्व बुझाउनु पर्ने दायित्व भएको व्यक्ति जहाँसुकै रहे बसेको भए पनि निजको हकमा समेत लागु हुनेछ।

३) यो ऐन नगर सभाबाट स्वीकृत भएको मितिदेखि लागु हुनेछ।

**२. परिभाषा-** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) **"संविधान"** भन्नाले नेपालको संविधानलाई सम्झनु पर्दछ।

(ख) **"मन्त्रालय"** भन्नाले संघीय तथा प्रदेश सरकारको मन्त्रालयलाई सम्झनु पर्दछ।

(ग) **"नगरपालिका"** भन्नाले दमक नगरपालिकालाई सम्झनु पर्दछ।

(घ) **"सभा"** भन्नाले दमक नगरपालिकाको नगर सभालाई सम्झनु पर्दछ।

(ङ.) **"कार्यपालिका"** भन्नाले दमक नगर कार्यपालिकालाई सम्झनु पर्दछ।

(च) **"प्रमुख"** भन्नाले दमक नगरपालिकाको प्रमुखलाई सम्झनु पर्दछ।

(छ) **"उपप्रमुख"** भन्नाले दमक नगरपालिकाको उपप्रमुखलाई सम्झनु पर्दछ।

(ज) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले दमक नगर कार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ।

(झ) **"वडा"** भन्नाले दमक नगरपालिकाको वडालाई सम्झनु पर्दछ।

(ञ) **"वडा अध्यक्ष"** भन्नाले दमक नगरपालिकाको वडाका वडा अध्यक्षलाई सम्झनु पर्दछ।

(ट) **"वडा समिति"** भन्नाले दमक नगरपालिकाको सम्वन्धित वडा समितिलाई सम्झनु पर्दछ।

(ठ) **"करदाता"** भन्नाले दमक नगरपालिकालाई कर, शुल्क, सेवा शुल्क, दस्तुर, महशुल, भाडा वा रकम बुझाउनु पर्ने कर्तव्य भएको व्यक्ति वा संस्थालाई सम्झनु पर्छ, सो शब्दले कर अधिकृतले कुनै करको विवरण बुझाउन सूचना दिएको वा कुनै कारवाही प्रक्रिया शुरु गरेको ब्यक्ति वा संस्थालाई समेत जनाउछ।

(ड) **"आय ठेक्का"** भन्नाले कानून बमोजिम प्रक्रिया पुरा गरी आय संकलन गर्ने सम्झौता गरिएको कार्य सम्झनु पर्दछ ।

(ढ) **"श्रेस्ता"** भन्नाले कारोवार भएको व्यहोरा देखिने गरी खडा गरिएको हिसाव किताबको अभिलेख सम्झनु पर्दछ । सो शब्दले कारोवारलाई प्रमाणित गर्ने अन्य सबै प्रकारका कागजात, विद्युतीय प्रविधिबाट राखिएको अभिलेख, आर्थिक विवरण समेतलाई जनाउछ ।

(ण) **"कर अधिकृत"** भन्नाले नगरपालिकाले तोकेको राजस्व हेर्ने प्रमुख अधिकृतलाई सम्झनु पर्दछ ।

(त) **"घर"** भन्नाले कुनै व्यक्ति वा संस्थाको आफ्नै स्वामित्वमा रहेको जग्गामा नक्सा पास गरी वा नगरी चौघेरा हाली निर्माण गरेको भवन, घर, गोदाम, टहरो, ग्यारेज वा सेड जस्ता संरचनालाई सम्झनु पर्दछ ।

(थ) **"जग्गा"** भन्नाले दमक नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाको नाममा दर्ता कायम रहेको वा कानून बमोजिमको प्रमाण भएको जग्गालाई सम्झनु पर्दछ ।

(द) **"कम्पनी"** भन्नाले प्रचलित नेपाल कानून बमोजिम स्थापना भएको कम्पनी सम्झनु पर्दछ, सो शब्दले प्रचलित नेपाल कानून बमोजिम स्थापित संगठित संस्थालाई समेत जनाउँदछ ।

(ध) **"कर राजस्व"** भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा प्रचलित कानून बमोजिम लाग्ने करलाई सम्झनु पर्दछ ।

(न) **"कर एकाई"** भन्नाले दमक नगरपालिकामा कर सम्बन्धी काम कारवाही र निर्णय गर्ने दमक नगरपालिकाको महाशाखा, शाखा वा वडा कार्यालयलाई सम्झनु पर्दछ, सो शव्दले कर संकलन वा व्यवस्थापनका लागि तोकिएको अन्य एकाई आदि समेतलाई बुझाउँदछ ।

(प) **"कर निर्धारण"** भन्नाले यो ऐन अनुसार कर निर्धारण गर्ने कार्यलाई सम्झनु पर्दछ र सो शब्दले पुनः कर निर्धारण र अतिरिक्त कर निर्धारण कार्यलाई समेत जनाउँदछ ।

(फ) **"गैरकर राजस्व"** भन्नाले यस ऐनको परिच्छेद–१४ बमोजिम लागेको गैर कर राजस्व सम्झनु पर्दछ ।

(ब) **“व्यवसाय”** भन्नाले प्रचलित कानून बमोजिम दर्ता भई वा दर्ता नभई मुनाफाको उद्देश्य लिई वस्तु वा सेवाको उत्पादन वा विक्रि गर्ने वा सहजीकरण गर्ने वा प्रदान गरिने सेवा वा कारोवार समेतलाई सम्झनु पर्दछ।

(भ) **“व्यक्ति”** भन्नाले कर तिर्नुपर्ने दायित्व भएको जुनसुकै व्यक्ति, संघ वा संस्थालाई सम्झनु पर्दछ।

(म) **“सम्पत्ति कर”** भन्नाले नगरक्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाको स्वामित्वमा रहेको भौतिक संरचना र सोले चर्चेको जग्गामा लगाइने करलाई सम्झनु पर्दछ ।

(य) **“भूमिकर (मालपोत)”** भन्नाले नगर क्षेत्रभित्र रहेको सम्पत्ति कर बाहेकको जग्गामा लगाईने करलाई सम्झनु पर्दछ ।

(र) **“विज्ञापन”** भन्नाले दमक नगर क्षेत्रभित्र कुनै पनि ब्यक्ति, संस्था, कम्पनी, फर्मले आफ्नो सेवा वा बस्तुको बजारीकरण गर्न एक भन्दा बढी स्थानहरुमा प्रचार प्रसारका लागि राखिने व्यवसायिक विज्ञापन सामग्रीहरु ब्यानर, फ्लेक्स बोर्ड, होर्डिङ्ग बोर्ड, नियोन साईन, डिजिटल बोर्ड, ग्लो साईन बोर्ड, बाह्य विज्ञापनका अन्य सामग्रीमा राखिने सबै किसिमका विज्ञापनलाई सम्झनु पर्दछ ।

(ल) **“घरले चर्चेको क्षेत्रफल”** भन्नाले भौतिक संरचनाले ओगटेको जग्गाको क्षेत्रफल र प्रचलित कानूनले तोकिएको अधिकतम् क्षेत्रफल बराबरको थप जग्गा समेत सम्झनु पर्दछ ।

(व) **“वडा सचिव”** भन्नाले वडा कार्यालयमा सचिवको रुपमा कार्य गर्न तोकिएको कर्मचारी सम्झनु पर्दछ।

(श) **“अन्य वहाल कर”** भन्नाले घर, जग्गाको बहालमा लाग्ने करको अतिरिक्त अन्य वस्तु तथा सामग्री वा साधन प्रयोग गरे वापत सो को धनीले लिने भाडा वा वहालमा तोकिए बमोजिम लगाईएको कर भन्ने सम्झनु पर्दछ ।

**ब्याख्या-** यो ऐनमा परिभाषा गरिएका शव्द वा वाक्यांशहरुको हकमा यसै अनुसार र अन्यमा प्रचलित कानून बमोजिम हुनेछ ।

# परिच्छेद –२

## राजस्व सम्बन्धी सामान्य सिद्धान्त

**३. कर तथा गैरकर राजस्व सम्बन्धी सामान्य सिद्धान्त-** १) कर राजस्व संकलन तथा व्यवस्थापन गर्दा देहायका सिद्धान्तलाई आधार लिइनेछ -

क) कर तिर्न सक्ने क्षमता,

ख) समानता र न्याय,

ग) सरल, सहज, पारदर्शी र मितव्ययी कार्यप्रणाली,

घ) स्वेच्छिक रुपमा कर तिर्न प्रेरित गर्ने सहज वातावरण,

ङ) पर्याप्तता, उपलब्धता

२) गैरकर राजस्व सङ्कलन गर्दा उपलब्ध गराइने सेवा र सुविधाको लागत, सञ्चालन र सम्भार खर्चलाई आधार मानी दर निर्धारण गरिनेछ।

**४. राजश्व सम्बन्धी व्यवस्था-** १) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम नगरपालिकाले आफ्नो क्षेत्रभित्र देहाय बमोजिमको राजश्व सङ्कलन गर्नेछ।

क) सम्पत्ति कर

ख) भूमिकर (मालपोत)

ग) बहाल कर

घ) व्यवसाय कर

ङ) जडिबुटी, कवाडी र जीवजन्तु कर

च) विज्ञापन कर

छ) मनोरन्जन कर

ज) बहाल विटौरी शुल्क

झ) पार्किङ्ग शुल्क

ञ) पूर्वाधार उपयोग सेवा शुल्क

ञ) अन्य सेवा शुल्क तथा दस्तुर

२) प्रचलित कानून बमोजिम अन्य कर तथा शुल्क लगाउने वा संकलन गरिनेछ।

## परिच्छेद–३

## कर सम्बन्धी व्यवस्था

**५. कर प्रशासन-** १) आफ्नो अधिकार क्षेत्रभित्रको कर तथा गैरकरको प्रशासन नगरपालिकाले गर्नेछ। यस सम्बन्धमा राजस्व प्रशासन हेर्ने शाखाको मुख्य जिम्मेवारी हुनेछ।

२) उपदफा (१) बमोजिमको कर प्रशासन सञ्चालनका लागि नगरपालिकाले आवश्यकता अनुसार कर एकाई तोक्न सक्नेछ।

३) कर अधिकृतले कर एकाईको आवश्यक अनुगमन र नियमन गर्नेछ।

४) कर अधिकृतलाई अनुगमन र नियमनका लागि आवश्यक सहयोग गर्नु जनप्रतिनिधिहरुको कर्तव्य हुनेछ।

**६. कर्मचारी सम्बन्धी व्यवस्था-** दफा (५) को उपदफा (२) बमोजिम कर एकाई तोक्दा त्यस्तो कर एकाईमा काम गर्नका लागि नगरपालिकाले आवश्यकता अनुसार कर्मचारी खटाउनेछ।

**७. कर अधिकृतको काम, कर्तव्य र अधिकार-** कर अधिकृतको काम, कर्तव्य र अधिकारका देहाय बमोजिम हुनेछ -

क) करदाता दर्ता गर्ने।

ख) करदाताबाट विवरण प्राप्त गर्ने।

ग) कर परीक्षण तथा अनुसन्धान गर्ने।

घ) कर संकलन गर्ने।

ङ) कर तथा गैरकर राजश्व चुहावट रोक्न आवश्यक कार्य गर्ने।

च) करदाता मैत्री वातावरण वनाउन आवश्यक कार्य गर्ने।

छ) कर सम्बन्धी जनचेतना अभिवृद्धि गर्न कार्यक्रम सञ्चालन गर्ने।

ज) कर कानून र कर प्रशासनका क्षेत्रमा सुधार गर्नुपर्ने विषयमा नगरपालिकालाई सुझाव दिने।

झ) राजश्वको प्रक्षेपण गर्न आवश्यक सूचना उपलव्ध गराउने।

ञ) करदाताका कर दाखिला बिवरण दुरुस्त राख्ने।

ट) कर एकाईमा राजस्व संकलनका लागि खटाईएका कर्मचारीको रेखदेख र खटनपटन सम्बन्धीआवश्यक कार्य गर्ने।

ठ) कर सम्बन्धी अभिलेख दुरुस्त राख्ने तथा राख्न लगाउने।

ड) राजस्व संकलनका लागि अन्य निकायहरुसंग सम्पर्क, समन्वय र परामर्श गर्ने ।

ढ) राजस्व प्रसाशन तथा राजश्व कर सम्बन्धी आवश्यक काम गर्ने।

**८. सम्पत्ति कर-** १) दमक नगरपालिकाको क्षेत्रभित्र बनेका भौतिक संरचना र सो ले चर्चेको जग्गा बराबर (दोब्बर) को क्षेत्रफलमा सम्पत्ति कर लगाई असुल गरिने छ।

२) करको दर सम्बन्धी व्यवस्था आर्थिक ऐनमा तोकिए बमोजिम हुनेछ।

३) सम्पत्ति कर संकलन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

**९. भूमिकर (मालपोत)** – १) दमक नगरपालिकाले नगर क्षेत्रभित्र रहेको सम्पत्ति कर लाग्ने बाहेककोजग्गामा भूमिकर (मालपोत) लगाई असुल गरिनेछ।

२) करको दर सम्बन्धी व्यवस्था आर्थिक ऐनमा तोकिए बमोजिम हुनेछ।

३) भूमिकर (मालपोत) संकलन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

**१०. बहाल कर-**१) नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर पसल, ग्यारेज, गोदाम, टहरा, वा अन्य साधन वा सामग्री, जग्गा वा पोखरी वा अन्य सम्पत्ति पुरै वा आंशिक तबरले बहाल दिएकोमा बहाल रकममा तोकिए बमोजिम बहालकर संकलन गरिनेछ।

२) करको दर सम्बन्धी व्यवस्था आर्थिक ऐनमा तोकिए बमोजिम हुनेछ।

३) बहाल कर संकलन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

**११. व्यवसाय कर-** दमक नगरपालिका क्षेत्र भित्र संचालन हुने व्यवसायहरुलाई व्यवसाय कर संकलन कार्यविधि अनुसार तोकिएको व्यवसाय कर लगाई असुल गरिनेछ।

२) करको दर सम्बन्धी व्यवस्था आर्थिक ऐनमा तोकिए बमोजिम हुनेछ।

३) व्यवसाय कर संकलन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

**१२. सवारी साधन कर-** १) साबिकमा सम्बन्धित निकायमा दर्ता कायम रही नगरपालिकाबाट नविकरण तथा नामसारी हुँदै आएका वा नगरपालिकामा दर्ता कायम भएका ई रिक्सा, ठेलागाडा र रिक्साको सवारी साधनमा लाग्ने करको दर सम्वन्धी व्यवस्था आर्थिक ऐनमा तोकिए बमोजिम हुनेछ।

२) सवारी साधन कर संकलन तथा सवारी साधन सञ्चालन सम्वन्धी व्यवस्था तोकीए बमोजिम हुनेछ।

**१३. मनोरञ्जन कर-**१) दमक नगरपालिका क्षेत्रभित्र रहेका चलचित्र घर, सांस्कृति प्रदर्शन, थिएटर, संगीत स्थल, नाटक घर, फन पार्क, बालउद्यान, वाटर पार्क, दोहोरी साँझ, डान्सवार, मेला, मनोरञ्जन प्रदर्शन स्थल, जादु, सर्कस, चटक जस्ता मनोरञ्जन व्यवसाय सेवामा प्रदेश कानुनले तोकेको दरमा मनोरञ्जन कर लगाईने छ।

२) उपदफा १ बमोजिम संकलन भएको मनोरञ्जन करको दुई प्रतिशत रकम संकलन व्यवस्थापन खर्च छुट्टाएर मात्र बाँकी अन्ठानब्बे प्रतिशत रकम नियमानुसार बाँडफाट गरिने छायसरी छुट्टाईएको दुई प्रतिशत रकम दमक नगरपालिकाको आन्तरिक राजश्व खातामा जम्मा गर्नु पर्नेछ।

३) मनोरञ्जन करको दर, संकलन बिधि प्रदेश कानूनले तोके बमोजिम हुनेछ र सोको संकलन प्रदेश कानून अनुसार नगरपालिकाले गर्नेछ।

४) मनोरञ्जन कर सकलन सम्वन्धी व्यवस्था तोकीए बमोजिम हुनेछ।

**१४. विज्ञापन कर-** १) नगरपालिका क्षेत्रभित्र गरिने विज्ञापनका लागि नगरपालिकाबाट पूर्व स्वीकृति लिनु पर्नेछ।

२) करको दर सम्बन्धी व्यवस्था आर्थिक ऐनमा तोकिए बमोजिम हुनेछ।

३) विज्ञापन कर संकलन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

४) संकलन भएको बिज्ञापन करको दुई प्रतिशत रकम संकलन व्यवस्थापन खर्च छुट्टाएर बाँकी अन्ठानब्बे प्रतिशत रकम प्रदेश कानून अनुसार बाँडफाड गरिने छ।

५) उपलफा ४ बमोजिम छुट्टाईएको दुई प्रतिशत रकम नगरपालिकाको आन्तरिक राजश्व खातामा जम्मा गरिनेछ।

## परिच्छेद–४

## करदाता दर्ता सम्बन्धी व्यवस्था

**१५. करदाता पहिचान तथा दर्ता-**१) व्यवसाय संचालन गर्नु पूर्व ईजाजत लिएर मात्र व्यवसाय संचालन गर्नु पर्नेछ।

२) कर एकाइले यस ऐन बमोजिम कर तिर्नु पर्ने व्यक्ति वा करदाताको पहिचान गर्नु पर्नेछ।

३) उपदफा (२) बमोजिम करदाताको पहिचान गर्दा व्यक्ति वा करदाताको नाममा रहेको सम्पत्ति, निजले गरेको कारोबार र कर एकाइलाई कुनै स्रोतबाट प्राप्त सूचना र सो एकाइले छानविन गर्दा देखिएका आधारमा करदाताको पहिचान गरिनेछ ।

४) कर एकाइले यस ऐन बमोजिम कर तिर्नु पर्ने दायित्व भएका कारदाताहरुको विवरण खुलाई करदाता दर्ता गरी राख्नु पर्नेछ ।

५) नेपाल सरकारबाट स्थायी लेखा नम्बर लिएका करदाताले कर सम्बन्धी कारोबार गर्दा सोहि नम्बरको प्रयोग गर्नु पर्नेछ ।

**१६.करदाताको दायित्व**– यस ऐन बमोजिम कर तिर्नु पर्ने कर्तब्य भएका करदाताको देहाय बमोजिमको दायित्व हुनेछ -

क) आफूलाई करदाताको रुपमा दर्ता गराउने ।

ख) निर्धारित समयमा कर दाखिला गर्ने ।

ग) यस ऐन बमोजिम कुनै शुल्क, जरिवाना वा विलम्ब शुल्क बुझाउनु पर्ने भए समयमा बुझाउने ।

घ) कर सम्बन्धी कागजातहरु सुरिक्षत राख्ने ।

ङ) कर अधिकृतले मागेको सूचना,तथ्याङ्क र आवश्यक विवरण उपलब्ध गराउने।

च) कर संकलन कार्यमा नगरपालिकालाई आवश्यक सहयोग पुर्याउने ।

**१७. करदाताको अधिकार** -१) यस ऐन बमोजिम कर तिर्नुपर्ने कर्तव्य भएका करदातालाई देहायको अधिकार हुनेछ -

क. सम्मानपूर्ण व्यवहार प्राप्त गर्ने अधिकार ।

ख. प्रचलित कानून बमोजिम कर सम्बन्धी सूचना प्राप्त गर्ने अधिकार ।

ग. कर सम्बन्धी विषयमा कानूनले तोकेको म्याद भित्र प्रमाण पेश गर्ने मौका प्राप्त गर्ने अधिकार ।

घ. प्रतिरक्षाका लागि कानून व्यवसायी वा लेखा परीक्षक नियुक्त गर्ने अधिकार ।

ङ. यस ऐन र प्रचलित कानूनमा उल्लेख भए बाहेक कर सम्बन्धी सूचना, तथ्याङ्क र विवरणको गोपनियता अनतिक्रम्य हुने अधिकार ।

२) उपदफा (१) बमोजिमको अधिकारको दाबी गर्दा करदाताले आफ्नो दायित्व पुरा गरेको हुनु पर्नेछ।

**१८. करदाताको प्रतिनिधित्व** -१)करदाताको परिवारको उमेर पुगेको सदस्य वा माथवर व्यक्ति वा निजको कानून व्यवसायी वा लेखापाल वा लेखा परीक्षक वा निजले लिखित रुपमा अख्तियार दिई पठाएको उमेर पुगेको वारेसले निजको प्रतिनिधित्व गर्न सक्नेछ।

२) उपदफा १) बमोजिम प्रतिनिधित्व गर्न सक्ने व्यक्तिका तर्फबाट गरिएका काम कार्वाही करदाता स्वयम्ले गरेको मानिनेछ।

## परिच्छेद–५

## विवरण दाखिला सम्बन्धी व्यवस्था

**१९. विवरण दाखिला गर्न आदेश दिन सक्ने**– १) यस ऐन बमोजिम करदाताले कर विवरण नबुझाएमा वा विवरण दाखिला गर्दा व्यहोरा फरक पारी दाखिला गरेको भनी शंका गर्न सकिने आधार र कारण भएमा कर अधिकृतले त्यस्तो आधार र कारण खोली कर विवरण दाखिला वा पुनः दाखिला गर्न आदेश दिन सक्नेछ। त्यस्तो आदेश प्राप्त भएमा करदाताले सो आदेश प्राप्त भएको मितिले एक महिना भित्र नगरपालिकामा विवरण दाखिला गर्नुपर्नेछ।

२) कुनै कारण परी उपदफा (१) बमोजिमको म्याद भित्र विवरण दाखिला गर्न नसक्ने करदाताल सोको स्पष्ट प्रमाण सहितको कारण खोली म्याद थप गर्न निवेदन दिएमा कर अधिकृतले निजले पेश गरेको प्रमाण मनासिव देखेमा बढीमा पन्ध्र दिन सम्मको म्याद थप गर्न सक्नेछ।

**२०. विवरण सच्याउन सकिने**– १) यस परिच्छेद बमोजिम कर विवरण दाखिला भई सकेपछि कुनै तथ्याङ्क वा सूचना वा विवरणमा त्रुटी भएको वा गणितीय भूल भएको लागेमा करदाताले पहिले दाखिला गरेको तथ्याङ्क वा सूचना वा विवरण सच्याउन त्यस्तो तथ्याङ्क वा सूचना वा विवरण दाखिला भएको मितिले पन्ध्र दिन भित्र सही तथ्याङ्क वा सूचना वा विवरण पेश गर्नुपर्नेछ।

२) उपदफा (१) बमोजिम विवरण प्राप्त भएपछि कर अधिकृतले त्यस्तो विवरण प्राप्त भएको मितिले पन्ध्र दिन भित्रमा संशोधित तथ्याङ्क वा सूचना वा

विवरण सम्बन्धमा जाँचबुझ गरी औचित्य समेतका आधारमा आवश्यक देखिएमा तथ्याङ्क वा सूचना वा विवरण सच्याई आफुले सोको अभिलेख राख्ने र करदातालाई लिखित जानकारी दिनेछ।

**२१. कर दाखिला गर्नुपर्ने-** १) करदाताले यस ऐन वमोजिम दाखिला गर्नुपर्ने कर ऐनको परिच्छेद–४ मा उल्लेख भएकोमा सोही समय सीमा भित्र र समय उल्लेख नभएको करका हकमा निम्न बमोजिम दाखिला गर्नु पर्नेछ।

क) चालु वर्षको कर तथा शुल्कको हकमा प्रत्येक आर्थिक वर्ष भित्र, वा

ख)कर निर्धारण आदेश प्राप्त भएको मितिले पैतिस दिन भित्र

२) करदाताले विद्युतीय भुक्तानी माध्यमको उपयोग गरी नगरपालिकाले तोकेको बैंक खातामा रकम जम्मा गरी कर दाखिला गर्न सक्नेछ।

**२२. कर दाखिलाको निस्सा दिनुपर्ने–** यस ऐन बमोजिम बुझाउन पर्ने कर वा गैरकर राजस्व बुझिलिए पछि त्यस्तो राजस्व बुझ्ने कर्मचारीले करदातालाई सोको निस्सा तुरुन्त दिनुपर्नेछ।

## परिच्छेद-६

## कर परीक्षण र कर निर्धारण

**२३. कर परीक्षण र कर निर्धारण-** १) यस ऐन बमोजिम करदाताले विवरण पेश नगरेको वा पेश गरेको विवरणमा देहायका सबै वा कुनै काम कुरा गरेको देखिएमा कर अधिकृतबाट कर परीक्षण गरी कर निर्धारण गर्नेछ,

क) नगरपालिकासँग सरोकार रहेका अभिलेख दुरुस्त राखेको वा भएको नदेखिएमा।

ख) गलत वा झुठा कागजात र विवरण संलग्न गरेको देखिएमा।

ग) कारोवारको विवरण यथार्थ देखाएको भनी विश्वास गर्नुपर्ने मनासिव कारण नदेखिएमा।

घ) करको दायित्व कम देखाएकोमा।

ङ) करको दर फरक परेकोमा।

च) कानून बमोजिम कर छुट वा मिनाहा हुन नसक्ने स्पष्ट व्यवस्था भएकोमा पनि सोको दाबी गरेकोमा।

२) उपदफा (१) बमोजिम कर निर्धारण गर्नुपर्ने देखिएमा नगरपालिकाले तीस दिनको म्याद दिई करदातालाई आफ्नो स्पष्टीकरण पेश गर्न लिखित सूचना दिन सक्नेछ ।

३) उपदफा (२) बमोजिम सूचना प्राप्त भएकोमा करदाताले १५ दिन भित्र आफ्नो स्पष्टीकरण पेश गर्नुपर्नेछ ।

४) उपदफा (३) बमोजिम तोकिएको म्याद भित्र करदाताले स्पष्टीकरण पेश गरेमा कर अधिकृतले सो स्पष्टीकरणमा करदाताले पेश गरेको विवरण कानून सम्मत भए नभएको विचार गरी वा स्पष्टीकरण पेश नगरेकोमा कानून बमोजिम कर निर्धारण गर्नुपर्नेछ ।

५) करदाताले साविककै दरमा विवरण घोषणागरी विवरण पेश गरेको मितिले तीन वर्षसम्म घोषणा गरिएको विवरण संशोधन गरी पुनः कर निर्धारण गर्न सन्तोषजनक आधार र कारण सहित निवेदन दिएमा त्यस्तो निवेदन उपर कर अधिकृतले जाँचबुझ गरी करदातालाई सफाईको मौका दिई पुनः कर निर्धारण गर्न सक्नेछ।

**२४.कर निर्धारणको सूचना-**१) यस ऐन बमोजिम कर अधिकृतबाट कर निर्धारण भएकोमा बुझाउनु पर्ने कररकम, स्थान, समय र सीमा तथा बैंक खाता नम्बर समेत उल्लेख गरी करदातालाई सोको सूचना दिइनेछ ।

२) करदाताले उपदफा (१) बमोजिम सूचना प्राप्त गरे पछिसो सूचनामा उल्लेखित समय सीमाभित्र तोकिएको स्थानमा कर दाखिला गर्नुपर्नेछ ।

३) उपदफा (२) बमोजिम कर रकम बैंक दाखिला गरेकोमा करदाताले सोको तोकिएको भौचरको एक प्रति नगरपालिकामा बुझाउनुपर्नेछ ।

## परिच्छेद-७

## कर संकलन सम्बन्धी व्यवस्था

**२५. कर संकलन सम्बन्धी व्यवस्था–** १) कर अधिकृतले देहाय बमोजिम कर राजस्व तथा गैर कर राजस्व असुल गर्न सक्नेछ,

क) करदातालाई भुक्तानी गर्नुपर्ने रकम भएमा सोबाट कट्टा गरेर ।

ख) नेपाल सरकार, प्रदेश सरकार, स्थानीय सरकार वा सरकारी स्वामित्वका संस्थाबाट करदाताले पाउने रकमबाट कट्टा गर्न लगाएर।

ग) कुनै तेश्रो व्यक्तिले करदातालाई तिर्नुपर्ने रकम करदाताको पुर्व सहमति लिई कट्टा गरेर।

घ) कुनै बैंक वा वित्तिय संस्थामा रहेको करदाताको रकमबाट कट्टा गर्न लगाएर।

ङ) करदाताको कारोबार रोक्का गरेर।

च) करदाताको चल–अचल सम्पत्ति लिलाम बिक्रि गरी प्रचलित कानून बमोजिम सरकारी बाँकी सरह असुल उपर गरेर।

२) उपदफा १ को च बमोजिम लिलामको कारवाही शुरु भएपछि सो कार्वाही समाप्त हुनु पुर्व कर दाखिला गर्न ल्याएमा बुझाउन बाकी कुल रकमको थप ५ प्रतिशत शुल्क सहित समूल गरिनेछ।

३) लिलामबाट प्राप्त रकम करदाताले तिर्नु पर्ने रकम भन्दा वढि भएमा वढि भएजति रकम ६० दिन भित्र सम्वन्धित करदातालाई फिर्ता दिनु पर्नेछ।

४) उपदफा ३ बमोजिम रकम फिर्ता गर्दा निजले उपलब्ध गराएको बैक खातामा जम्मा गर्नु पर्नेछ।

२६. **किस्तावन्दीमा कर असुली-** पाँच लाख भन्दा बढी बार्षिक कर तिर्नु पर्ने दायित्व भएका करदाताले समयमा कर तिर्न नसक्ने कारण जनाई निवेदन दिएमा कर अधिकृतले जाँचबुझ गरी मनासिव देखेमा बढीमा एक वर्ष भित्र तीन किस्तामा कर दाखिला गर्न आदेश दिन सक्नेछ। तर, बक्यौता कर संकलन गर्दा यस ऐन बमोजिम लाग्ने व्याज, जरिवाना, थप दस्तुर तथा शुल्क मिनाहा हुने छैन।

## परिच्छेद-८

## जरिवाना शुल्क र व्याज

२७. **झुठा विवरण दिएमा -** यस ऐन बमोजिम विवरण दाखिला गर्नुपर्ने दायित्व भएका करदाताले झुठा विवरण दाखिला गरी करको दायित्व घटाएमा फरक परेको कर रकम असुल गरी सोको पचास प्रतिशत थप जरिवाना लगाइनेछ।

२८. **जरिवाना लाग्ने-** १)यस ऐनको पालना नगरी करको दायित्व घटाएमा कर अधिकृतले कर बिगोको दस प्रतिशत जरिवाना गर्न सक्नेछ।

यस ऐन बमोजिम विवरण दाखिला गर्नु पर्ने दायित्व भएका करदाताले झुट्टा विवरण दाखिला गरी कर दायित्व घटाएमा घटेको कर रकम र सोको पचास प्रतिशत जरिवाना गरी असुलउपर गरिनेछ।

२) नगरपालिकाले निर्धारण गरेको वार्षिक र मासिक रुपमा तोकिएको कर, शुल्क, दस्तुर, महसुल र भाडा तोकिएको समयमा भुक्तानी नगरेमा देहाय बमोजिमको जरिवानासहित बक्यौता असुलउपर गरिनेछः

क) नगरपालिकालाई तिर्न वा बुझाउन बाँकी कर तथा सेवाशुल्कको बक्यौतामा गत आ.व. का लागि २५ प्रतिशत र त्यस अधिका वर्षहरूमा क्रमशः थप २५ प्रतिशत बृद्धिका दरले जरिवाना असुलउपर गरिने छ। यो व्यवस्था आगामी आर्थिक वर्ष २०७८।०७९ देखि लागु हुनेछ।

ख) सम्पत्ति करको हकमा आ.व. २०६१।०६२ सम्मको एकमुष्ठ बक्यौतालाई आ.व.२०६१।०६२ को बक्यौतासरह मानी सोहीबमोजिम जरिवाना निर्धारण गरी असुल गरिनेछ।

३) कुनै व्यक्तिले तिर्नु पर्ने कर, दस्तुर, महशुल वा शुल्क छल्ने नियत लिई झुटा वा अधुरो विवरण दाखिला गरेमा निजलाई एकहजार रूपैयाँ देखि पाँच लाख रूपैयाँसम्म जरिवाना गर्न सकिनेछ।

४) नियमानुसार ठेक्का स्वीकृत भई चलानपूर्जी नपाएसम्म वा उत्खनन गर्न नपाइने क्षेत्रमा ढुङ्गा, गिट्टी, बालुवा वा भरौट उत्खनन गरेमा त्यस्तो सामान उत्खननमा प्रयोग हुने सामग्री र ढुवानी गर्ने साधन नियन्त्रणमा लिई दश हजार रूपैयाँ देखि वीस लाख रूपैयाँसम्म जरिवाना गर्न सकिनेछ।

५) नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडीबुटी, वनकस, कवाडी माल र प्रचलित कानुनद्वारा निषेध गरिएका जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छालाजस्ता वस्तुको व्यावसायिक कारोबार गरेबापत नगर कार्यपालिकालाई बुझाउनु पर्ने यस सम्बन्धीको अनुसूचीमा उल्लेख भए बमोजिम जडीबुटी, कवाडी तथा जीवजन्तु कर नबुझाई निकासी गर्न लागेको सवारी साधनलाई दश हजार रूपैयाँ देखि वीस लाख रूपैयाँसम्म जरिवाना गर्न सकिनेछ।

६) उपदफा (५) र (६) बमोजिम पक्राउ गर्ने ट्राफिक प्रहरी, संघीय वा प्रदेश प्रहरी कार्यालय वा नगरप्रहरीलाई जरिवाना रकमको पच्चीस प्रतिशत रकम प्रोत्साहन स्वरूप उपलब्ध गराइने छ।

७) नगरपालिकाले उपदफा (१) बाहेक प्रचलित कानुन पालना नगरेको कसुरमा लगाउने अन्य दण्ड जरिवाना रकम सम्बन्धित संघीय तथा प्रदेश कानुनमा तोकिएबमोजिम हुनेछ।

## परिच्छेद -९

## गैरकर राजस्व

**२९. सेवा शुल्क तथा दस्तुर–** १) संविधानले तोकेको क्षेत्र र विषयमा नगरपालिकाले सेवा दिई सो वापत तोकिए बमोजिम शुल्क तथा दस्तुर लगाई असूल गर्न सक्नेछ।

२) उपदफा १ बमोजिम शुल्क तथा दस्तुर आर्थिक ऐनमा तोकिए बमोजिम हुनेछ।

**३०. सवारी साधन पार्किङ्ग शुल्क-** १) नगरपालिकाले आफ्नो क्षेत्रभित्रका खुला स्थान, सडक पेटी, सार्वजनिक स्थल र आफू स्वयंले विकास गरेको पार्किङ्ग स्थलहरुलाई मापदण्ड बनाई पार्किङ्ग क्षेत्र घोषणा गरी पार्किङ्ग सुविधा उपलव्ध गराए वापत स्थान विशेष र समयको आधारमा तोकिए बमोजिम पार्किङ्ग शुल्क लगाई असुल उपर गर्न सक्नेछ।

२) उपदफा १ बमोजिमको शुल्क तथा दस्तुर आर्थिक ऐनमा तोकिए बमोजिम हुनेछ।

**३१. पूर्वाधार (सडक) उपयोग सेवा शुल्क–** १) नगरपालिका क्षेत्रभित्र सामान ढुवानी गर्ने ढुवानीका साधनहरू, निर्माण व्यवसायमा प्रयोग हुने सवारी साधन तथा उपकरणहरु र निजी विद्यालय, निजी सस्थान, कम्पनी, फर्म, उद्योग आदीले सञ्चालन गरेको सवारी साधन तथा उपकरणमा पूर्वाधार (सडक) उपयोग सेवा शुल्क लगाई असुल गरिने छ।

२) व्यक्तिगत सवारी साधन प्रयोग कर्ताको हकमा दमक नगरवासीले सवारी साधन सूचीकरण गर्नु पर्नेछ अन्य व्यतिको हकमा पूर्वाधार (सडक) उपयोग सेवा शुल्क लगाई असुल गरिने छ।

३) तिन पाग्रे सवारी साधनको हकमा दमक नगरभित्र दर्ता तथा नविकरण भएका सवारी साधनले पूर्वाधार (सडक) उपयोग सेवा शुल्क बुझाउनु पर्ने छैन अन्य स्थानीय तहमा दर्ता भई दमक नगरभित्र संचालन हुने तिनपाग्रे सवारी साधनलाई पूर्वाधार (सडक) उपयोग सेवा शुल्क लगाई असुल गरिने छ।

४) उपदफा १ बमोजिम शुल्क लागु गरिएका सवारी साधनमा पटके, पार्किङ जस्ता अन्य शुल्क लगाईने छैन।

५) पूर्वाधार (सडक) उपयोग सेवा शुल्क वार्षिक एकमुष्ठ चुक्ता गर्न प्रोत्साहन गरिने छ।

६) यस दफा बमोजिम संकलन गर्ने शुल्क वार्षिक नबुझाउने सवारी साधनको हकमा दैनिक रुपमा तोकिएको दरमा असुल गरिनेछ।

७) उपदफा ६ बमोजिम दैनिक शुल्क संकलन गर्न नगर क्षेत्रिभत्र स्थान तोकी कर संकलन नाकाहरु निर्धारण गर्न सकिनेछ।

८) उपदफा १ बमोजिम शुल्क तथा दस्तुर आर्थिक ऐनमा तोकिए बमोजिम हुनेछ।

३२. **पर्यटन तथा उद्यान पार्क शुल्क-** १) नगरपालिकाले आफ्नो क्षेत्र भित्र रहेका सम्पदा तथा पुरातात्विक महत्वका पर्यटकीय क्षेत्र, पार्क तथा उद्यानहरुमा प्रवेश गर्ने पर्यटकहरुबाट शुल्क असुल गर्नेछ।

२) नगरपालिकाले उपदफा (१) बमोजिम पर्यटन शुल्क तोक्दा स्वदेशी तथा विदेशी पर्यटकका लागि फरक दर तोक्न सक्नेछ।

३) उपदफा १ बमोजिम शुल्क तथा दस्तुर आर्थिक ऐनमा तोकिए बमोजिम हुनेछ।

३३. **बहाल बिटौरी शुल्क–** १) नगरपालिकाले आफ्नो क्षेत्रभित्रका सार्वजनिक स्थल, आफ्नो नाममा रहेको घर जग्गा र ऐलानी जग्गा र त्यस्ता जग्गामा रहेको पोखरी, हाट बजार प्रदर्शनी स्थलमा कानून अनुसार अस्थायी प्रकारका व्यापार व्यवसाय तथा प्रर्दशनी मेला सञ्चालन गर्न अनुमति दिन सक्नेछ।

२) उपदफा (१) बमोजिम अनुमति दिएका स्थान वा अस्थायी ब्यवसाय गर्ने पसलमा बिटौरी शुल्क उठाउन सक्नेछ।

३) उपदफा २ बमोजिम शुल्क तथा दस्तुर आर्थिक ऐनमा तोकिए बमोजिम हुनेछ।

**३४. जडीबुटी, कवाडी र जीवजन्तु शुल्क–**१) नगरपालिकाले जडीबुटी, कबाडी र जीवजन्तुको कारोवारमा शुल्क लगाई उठाउन सक्नेछ।

२) उपदफा १ बमोजिम शुल्क तथा दस्तुर आर्थिक ऐनमा तोकिए बमोजिम हुनेछ।

**३५. विक्रि गर्न सक्ने** – १) नगरपालिकाले आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्याङ्कन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा ढुंगा, गिट्टी, बालुवा एवं माटोजन्य बस्तुको बिक्री गर्न सक्नेछ।

२) उपदफा १ बमोजिमको शुल्क तथा दस्तुर प्रचलित कानून बमोजिम हुनेछ।

**३६. सामुदायिक वनबाट आय प्राप्त गर्न सक्ने-** १) सामुदायिक वन उपभोक्ता समुहले वन पैदावार बिक्री तथा उपयोग सम्बन्धी आफ्नो वार्षिक कार्ययोजना बनाई नगरपालिकाबाट स्वीकृत गराउनु पर्नेछ।

२) उपदफा (१) बमोजिम वन पैदावारको बिक्री वापत प्राप्त हुने रकमको दश प्रतिशत रकम दमक नगरपालिकाको संचित कोषमा दाखिला गर्नु पर्नेछ।

३) वार्षिक कार्ययोजना पेश नगर्ने सामुदायिक वनलाई कारवाहीका लागि नगर कार्यपालिकाले निर्णय गरी कारवाहीका लागि सम्बन्धित निकायमा लेखि पठाउन सक्नेछ।

४) नगर कार्यपालिकाको निर्णय अनुसार लेखि पठाए पछि कारवाही गर्नु सम्बन्धित निकायको कर्तव्य हुनेछ।

**३७. पार्क तथा पिकनिक स्थल सेवा शुल्क–** १) नगरपालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालन भएका सशुल्क निजी पार्क तथा पिकनिक स्थलमा शुल्क लगाई उठाउन सक्नेछ।

२) उपदफा १ बमोजिम शुल्क तथा दस्तुर आर्थिक ऐनमा तोकिए बमोजिम हुनेछ।

**३८. अन्य शुल्क लगाउन सक्ने-** १) नगरपालिकाले तोकिए बमोजिम उल्लेखित विषय र क्षेत्रमा शुल्क लगाई उठाउन सक्नेछ।

२) स्थानीय सरकारले संविधान र अन्तर सरकारी वित्तिय व्यवस्थापन ऐन, २०७४ को विपरित नहुने गरी आफुले प्रदान गरेको सेवा सुविधा र व्यवस्थापन गरेको थप वा नयाँ क्षेत्र वा विषयमा शुल्क लगाउन सक्नेछ।

३) उपदफा २ बमोजिम शुल्क लगाउने वा त्यसको दरमा हेरफेर गरेको कुराको विवरण नगरपालिकाले त्यस्तो निर्णय भएको मितिले सात कार्य दिन भित्र नगरसभाको बैठक चलेको समयमा नगर सभामा र त्यस्तो बैठक नचलेको समयमा त्यसपछि बस्ने नगर कार्यपालिकाको पहिलो बैठकमा पेश गर्नु पर्नेछ।

**३९. छुट वा मिनाहा-** १) वार्षिक रूपमा तिर्नु पर्ने कर सोही आर्थिक वर्षको आश्विन मसान्तभित्र दाखिला गरेमा आर्थिक ऐनमा तोकीएको प्रतिशत छुट दिईनेछ।

२) नगरपालिकाको आय सङ्कलन गर्न नियमानुसार ठेक्कामा दिँदा अग्रिम रूपमा सम्पूर्ण वार्षिक कबोल अङ्क बमोजिमको रकम द्विपक्षीय सम्झौता हुँदा अग्रीम एकमुष्ठ दाखिला गरेमा १० (दश) प्रतिशत छुट दिईनेछ।

३) नगरपालिकाले ठेक्कामा लगाएको कर, शुल्क, दस्तुर तथा महशुल बिपदजन्य कारण वा अन्य काबू बाहिरको परिस्थितिका कारण सङ्कलनमा बाधा परेकाले कर छुट गरी पाऊँ भनी सम्बन्धित पक्षले प्रमाण सहित निवेदन दिएमा स्थानीय राजश्व परामर्श समितिको सिफारिस समेतको आधारमा कार्यपालिकाबाट निर्णय गरे बमोजिमको रकम छुट दिन सकिनेछ।

४) व्यवसाय करको हकमा कुनै करदाताले बिरामी वा अन्य कुनै काबू बाहिरको परिस्थितिका कारणले कर तथा शुल्क समयमा बुझाउन नसकेको वा बन्द गरेको सूचना दिन असमर्थ भएमा सोको कारण सहित सम्बन्धित वडा कार्यालयको स्थलगत सरजमिन सहितको किटानी सिफारिस सहित नगर कार्यपालिकाको कार्यालयमा निवेदन पेश गरेमा स्थानीय राजश्व परामर्श समितिको सिफारिस समेतको आधारमा कार्यपालिकाबाट निर्णय गरे बमोजिमको जरिवाना रकम छुट दिन सकिनेछ।

५) सामाजिक सुरक्षा कार्यक्रम तथा अपाङ्गता प्रयोजनको लागि दिइने सिफारिसमा कुनै दस्तुर लाग्ने छैन। तर निवेदन दर्ता शुल्क भने तोकिए बमोजिम लाग्नेछ।

६) बिपद् वा भवितब्य वा आगलागीमा परी घर वा पसल पूर्ण क्षति भएको प्रमाणित भएमा नियमानुसारको सम्पत्ति कर, व्यवसाय कर र घरनक्सा पास दस्तुर वापत लाग्ने राजस्व स्थानीय राजस्व परामर्श समितिको सिफारीसमा कार्यपालिकाले छुट दिन सक्नेछ।

७) नगरपालिकालाई करदाताले तिर्नु वा बुझाउनु पर्ने कुनै पनि कर, शुल्क, दस्तुर तथा महशुल बक्यौता लगत देहायको अवस्थामा स्थानीय राजश्व परामर्श समितिको सिफारिसमा कार्यपालिकाबाट निर्णय भए बमोजिम छुट हुन सक्नेछ र यसरी छुट दिएमा लगत कट्टा हुन सक्नेछ।

क. करदाताको मृत्यु हुन गई सम्पत्ति बेवारिसे भएको अवस्थामा,

ख. करदाता टाट पल्टेको प्रमाणित भएमा,

ग. करदाता कारोबार बन्द गरी वेपत्ता भएको भन्ने प्रमाणित भएमा,

घ. कुनै बिपद् वा भवितव्य परी करदाताको जनधनको क्षति भई कर तिर्न नसक्ने अवस्था सृजना भएको कुरा प्रमाणित भएमा।

८) नगरपालिका कार्यालयमा कार्यरत कर्मचारीहरूको एकासगोलको परिवारलाई र नगरसभा सदस्यहरुलाई कर राजस्व बाहेक नगरपालिकाले उपलब्ध गराउने वा प्रवाह गर्ने अन्य सेवा, सुविधा बापतको शुल्क, दस्तुर, महशुल आदिमा पचहत्तर प्रतिशत छुट दिइनेछ।

९) संघीय सरकार, प्रदेश सरकार, स्थानीय सरकार, कूटनीतिक नियोग, गूठी, सामुदायिक विद्यालय, स्वास्थ्य केन्द्र, सरकारी विश्वविद्यालय को स्वामित्वमा भएको सम्पत्ति, वस्तु तथा कारोबारमा यस ऐन बमोजिमको कर लिइने छैन।

१०) यस उपदफा बमोजिम सम्पत्ती कर नलाग्ने कुनै पनि संघ, संस्था वा निकायको स्वामित्वमा रहेको घर वा घरजग्गा सार्वजनिक निकाय वा संस्थाले व्यवसायिक वा व्यापारिक प्रयोजनका लागि प्रयोग गरेको पाईएमा त्यस्तो घर वा

घरजग्गामा कर, शुल्क, दस्तुर, महशुल वा जरिवाना लगाउन यस व्यवस्थाले बाधा पर्ने छैन।

११) कानूनमा व्यवस्था भएकोमा बाहेक नगरपालिकाको कुनै निकाय वा अधिकारीले कुनै प्रकारको कर, शुल्क, महशुल, दण्ड वा जरीवाना छुट दिन पाउने छैन। तर जरिवानाको हकमा नगरपालिकाको प्राबिधिक कारणले गर्दा कर निर्धारण हुन छुट भएको रहेछ भने स्थानीय राजश्व परामर्श समितिको सिफारिसमा कार्पालिकाबाट निर्णय भए बमोजिम छुट दिन सकिने छ।

१२) महिलाको स्वामित्वमा निर्माण हुने भवनको नक्सा पास दस्तुरमा पच्चीस प्रतिशत घरनक्सा पास दस्तुरमा छुट हुनेछ।

१३) महिला वा पूर्ण अपाङ्गता (निलो कार्डवाला) को नाममा व्यवसाय दर्ता गर्दा (निजहरुले नै व्यवसाय सञ्चालन गर्ने गरी) दर्ता दस्तुरमा पच्चिस प्रतिशत र नविकरण दस्तुरमा दश प्रतिशत छुट दिईनेछ।

१४) उपदफा (१) बमोजिम गैरकर राजश्वमा छुट वा मिनाहा दिएको विवरण नगर सभाको बैठक चलेको समयमा सभामा र बैठक नचलेको समयमा त्यसपछि बस्ने नगरसभाको पहिलो बैठकबाट नगर कार्यपालिकाको वैठकको निर्णय अनुमोदन गराउनु पर्नेछ।

## परिच्छेद–१०

## विविध

**४०. राजस्व सम्बन्धी नयाँ प्रस्ताव-** नगरपालिकाले कर तथा गैरकर सम्बन्धी नयाँ कर प्रस्ताव तयार गर्दा सरोकारवालासँग परामर्श गर्नुपर्नेछ।

**४१. सूचना सार्वजनिक गर्नुपर्ने-** यस ऐन बमोजिम लगाएको कर तथा गैर कर राजस्वका दर र त्यसमा भएको हेरफेर सम्बन्धी सूचना सर्वसाधारणका लागि सार्वजनिक गर्नुपर्नेछ।

२) उपदफा (१) बमोजिमको कर, गैरकर राजस्वका दर त्यसमा भएको हेरफेर समेत नगरपालिकाको वेभसाईटमा अद्यावधिक गरीराख्ने व्यवस्था मिलाउनु पर्नेछ।

४२. **विद्युतीय माध्यमको प्रयोग गर्न सक्ने-** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि नगरपालिकाले विद्युतीय माध्यमबाट करदातालाई अनलाइन सूचना दिने, करदाताले आफ्नो विवरण र प्रमाण अनलाइनपेश गर्ने, नगरपालिकालाई तिर्न बुझाउनु पर्ने रकम अनलाइन दाखिला गर्ने एवम् त्यस्तो रकम बुझाएको रसिद दिने लगायतका कर सम्बन्धी अन्य काम कार्वाही अनलाइन गर्ने व्यवस्था गर्न सक्नेछ।

४३. **कसुर-** कसैले देहायको कुनै काम गरेमा यस ऐन बमोजिम कसुर गरेको मानिनेछ।

क) करको दर फरक पारी कर असुल गरेमा,

ख) राजश्व तथा करलाई असर पार्ने नियतले अभिलेखलाई हानि नोक्सानि पुऱ्याएमा वा क्षती गरेमा,

४४. **सजाय-**१) दफ ४३ को खण्ड क बमोजिमको कसुर गर्ने व्यक्तिलाई नगरपालिकाले पहिलो पटक भए फरक परेको कर सहित थप १ हजार देखि ५ हजार सम्म जरिवाना , दोश्रो पटक सोही कसुर गरेमा फरक परेको कर सहित थप. ५ हजार देखि १० हजार सम्म जरिवाना र सोह कसुर तेश्रो वा सो भन्दा बढि पटक गरेमा प्रत्येक पटकका लागि फरक परेको करसहित थप १० हजार देखि १ लाख सम्म जरिवाना गरी प्रमुख प्रशासकियले थप नसियत दिन सक्नेछन्।

२) दफा ४३ को खण्ड ख बमोजिमको कसुर गर्ने व्यक्तिलाई नगरपालिकाले १० हजार देखि १ लाख सम्म जरिवाना गरी प्रमुख प्रशासकीय अधिकृतले थप नसियत दिन सक्नेछन् ।

४५. **ठेक्कामा लगाउन नपाईने -** नगरपालिकाले आफुले असुल गर्नु पर्ने कुनै कर ठेक्का लगाई उठाउन पाईने छैन । तर कुनै सेवा सञ्चालन गरी सेवा शुल्क वा दस्तुर सङ्कलन गर्ने कार्य निजी क्षेत्र मार्फत गर्न यस दफाले बाधा पुर्याएको मानिने छैन।

४६. **कागजातको अभिलेख राख्ने-**१) यस ऐन वमोजिम कर बुझाउनुपर्ने दायित्व भएको प्रत्येक व्यक्ति वा करदाताले देहाय बमोजिमका आवश्यक कागजातहरु सुरक्षितगरी आफूसँग राख्नुपर्नेछ ।

क. यस ऐन बमोजिम नगरपालिकामा पेश गर्नुपर्ने कागजात र सोलाई पुष्टि गर्ने अन्य सूचना तथा कागजातहरु।

ख. कर निर्धारण गर्न सघाउ पुर्याउने कागजातहरु।

ग. नगरपालिकाले लिखित रुपमा सूचना जारी गरी अन्यथा तोकिएकोमा बाहेक यस दफा बमोजिमका कागजातहरु सम्बन्धित आय वर्ष समाप्त भएको मितिले कम्तिमा पाँच वर्षको अवधिसम्म सुरक्षित राख्नुपर्नेछ।

४७. **आदेश वा निर्देशन दिन सक्ने-** संघीय र प्रदेश सरकारले कर प्रशासनलाई प्रभावकारी बनाउन नेपालको संविधान र संघीय तथा प्रदेश सरकारको कर सम्बन्धी कानून र यो ऐन कार्यान्वयन गर्न गराउन आवश्यक आदेश वा निर्देशन दिन सक्नेछ र ऐनको परिधिभित्र रही त्यस्तो आदेश वा निर्देशन पालना गर्नु नगरपालिकाको कर्तव्य हुनेछ।

४८. **पुरस्कृत गर्न सक्ने-** १) कानूनले तोकेको म्यादभित्र कर विवरण बुझाउने, लागेको कर दाखिला गर्ने र कर अधिकृतले अनुरोध गरेको सूचना उपलव्ध गराई कर असुलीमा सहयोग पुर्याउने असल करदाता पहिचान गरी नगरपालिकाले उनीहरुलाई उत्कृष्ट कर सूचनाकर्ता पुरस्कार दिने व्यवस्था गर्न सक्नेछ।

२) उपदफा (१) बमोजिम दिइने पुरस्कार सम्बन्धी अन्य व्यवस्था नगरपालिकाले निर्धारण गरे बमोजिम हुनेछ।

४९. **म्याद वा हदम्याद नजाने**-१) यस ऐनमा जुनसुकै कुरा लेखिएको भएपनि यस ऐन बमोजिम म्याद वा हदम्याद गणना गर्दा देहायको अवधि बाहेक गरी गणना गरिनेछ -

(क) अदालतबाट स्थगन वा कर अधिकृत वा अन्य सरकारी निकायवाट रोक्का वा स्थगन भएको अवधि

(ख) कुनै विषय अधिकार प्राप्त अधिकारी वा निकाय वा अदालतमा पुनरावलोकन गरेकोमा पुनरावलोकनकर्ताको अन्तिम निर्णय भएको जानकारी प्राप्त नभसम्मको अवधि।

५०. **साविक अनुसार हुने** - १) आर्थिक वर्ष २०५६देखि ०५७ सम्मको घरजग्गा कर साबिक ऐन कानून अनुसार गरिनेछ।

२) आर्थिक वर्ष २०७४।०७५ सम्मको एकीकृत सम्पत्ति करमा आधारित भई कर संकलन गरिनेछ।

**५१. बाधा अड्काउ फुकाउने अधिकार-** यस ऐन कार्यान्वयनको सिलसिलामा कुनै बाधा अड्काउ परेमा सो फुकाउने अधिकार कार्य पालिकालाई हुनेछ।

**५२. पुनरावलोकन दिन सक्ने–** १) यस ऐन बमोजिम भए गरेका काममा चित्त नबुझ्ने पक्षले भए गरेको कामको कारण खोलि प्रमुख प्रशासकीय अधिकृत समक्ष पुनरावलोकनका लागि निवेदन दिन सक्ने छन्।

२) उपदफा १ बमोजिम निवेदन पर्न आएमा सो निवेदन उपर आवश्यक जाचबुझ गरी ३० दिन भित्रमा निर्णय दिनु पर्ने छ।

३) उपदफा २ बमोजिमको निर्णयमा चित्त नबुझेमा नबुझ्ने पक्षले सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन गर्न सक्नेछ।

**५३. नियम र कार्यविधि बनाउन सक्ने -** यो ऐनको प्रभावकारी कार्यान्वयनका लागि कार्यपालिकाले आवश्यक नियमावली, कार्यविधि तथा निर्देशिका बनाई लागु गर्न सक्नेछ।

**५४. बचाउ र खारेजी-** (१) यस ऐनमा लेखिएका कुरामा यसै बमोजिम र नलेखिएको कुरामा प्रचलित कानून बमोजिम हुनेछ।

२) यस अघि नगरपालिकाबाट भए गरेका कामहरु यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

३) नगर सभाले यो ऐन परिमार्जन तथा खारेजी गर्न सक्नेछ।

**आज्ञाले**
**डमरु प्रसाद निरौला**
**प्रमुख प्रशासकिय अधिकृत**